आज मिति २०८२।०१।०२ गते बिहान ७:३० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उप प्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री सुरज प्रताप राणा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री रोम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | का. सदस्य | बुद्धभूमि न.पा. २ | शिवाली |
| १५ | श्री अनिता कुमारी पासी | का. सदस्य | बुद्धभूमि न.पा. ६ | अनिता |
| १६ | श्री विमला देवी कुर्मी | का. सदस्य | बुद्धभूमि न.पा. ८ | विमला |
| १७ | श्री अनिता देवी यादव | का. सदस्य | बुद्धभूमि न.पा. ९ | अनिता |
| १८ | श्री प्रभावती लोहार | का. सदस्य | बुद्धभूमि न.पा. ७ | प्रभावती |
| १९ | श्री तारादेवी सुनार | का. सदस्य | बुद्धभूमि न.पा. ४ | |
| २० | श्री कमलेश बरई | का. सदस्य | बुद्धभूमि न.पा. १० | |
| २१ | श्री बासुदेव भट्टराई | सदस्य-सचिव | बुद्धभूमि न.पा. | |

बैठक नं. १३/२०८१।०८२

**मिति :२०८२।०१।०२ गते बिहान ७:३० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:**

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णय:** मिति २०८१।१२।०४ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो। साथै कार्यान्वयनको क्रममा रहेका निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

२. **आय व्यय सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ को मिति २०८१।१२।३१ गते सम्मको आर्थिक प्रशासन शाखाबाट प्राप्त विवरण अनुसार चालु तर्फ ५२.८६ प्रतिशत तथा पूँजीगत खर्च तर्फ १३.०८ प्रतिशत रकम खर्च भएको साथै २०८१।१२।३१ गते सम्म आन्तरिक राजश्व तर्फ २ करोड ९ लाख ४७ हजार ४ सय ५० रुपैयाँ प्राप्त भएको जानकारी प्राप्त भयो।

३. **सम्पन्न योजनाहरूको फर-फारक सम्बन्धमा।**

**निर्णय:** बुद्धभूमि नगरपालिकाको आ.व.२०८१।०८२ मा सञ्चालित योजना तथा कार्यक्रम मध्ये मिति २०८१।१२।०४ देखि २०८१।१२।३१ गते सम्म योजना शाखाबाट प्राप्त विवरण अनुसार ३९ वटा योजना तथा कार्यक्रमहरु फरफारकको लागि पेश भएको र ७ वटा योजनाहरूको अनुगमन भएको व्यहोरा जानकारी प्राप्त भयो।

४. **माटो उत्खननको IEE सम्बन्धमा।**

**निर्णय:** हाल निर्माणको चरणमा रहेको बुटवल-गोरूसिगें सडक राष्ट्रिय गौरवको आयोजनालाई माटोको अभाव हुन नदिन बुद्धभूमि नगरपालिका वडा नं. १० स्थित विभिन्न निजी जग्गाबाट वातावरण मैत्री तरिकाले माटो उत्खनन कार्यको लागि विदुशा कन्स्ट्रक्सन प्रा.लि., मायादेवी गाउँपालिका रूपन्देहीबाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयार गरी मिति २०८१।१२।२९ गते निवेदन सहित स्वीकृतको लागि प्रतिवेदन पेश भएकोमा उक्त प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने साथै सोही प्रतिवेदनको परिच्छेद-३ को क्र.स. ४ मा रहेको संकलन/उत्खनन कार्य, स्थल र प्रकृयाको अधिनमा रही नगरपालिकाको कार्यालयमा नियमानुसार राजश्व दाखिला पश्चात माटो उत्खनन तथा ओसारपसारमा प्रयोग हुने सवारी साधनहरूको नम्बर सहितको विवरण नगरपालिकामा जानकारी गराए पश्चात सम्झौता गरी माटो उत्खनन तथा ओसारपसार गर्न अनुमति दिने निर्णय गरियो।

५. **नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा।**

**निर्णय:** क) बुद्धभूमि नगरपालिका अन्तर्गत रहेका विभिन्न खोलाहरूबाट नदीजन्य पदार्थ व्यवस्थापनको लागि सूचना प्रकाशन भई ४ वटा खोला (गुडरूङ खोला, अगिया खोला, वाणगंगा खोला, बेलगुडरूङ खोला) सम्झौता भएको अगिया खोलाको सन्दर्भमा मिति २०८१।११।०९ मा बुद्धभूमि नगरपालिका र शाही पोखेल कन्स्ट्रसन बुद्धभूमि न.पा. १ बीच सम्झौता भई मिति २०८१।११।०९ मा डिभिजन वन कार्यालय, गौतमबुद्ध, चन्द्रौटालाई वन प्रवेशको लागि इजाजत माग गरिएकोमा वन प्रवेशको इजाजत नदिई मिति २०८१।११।१३ गते सब डिभिजन वन

बासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

कार्यलाय चम्पापुर, कपिलवस्तुलाई स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्ने भनी पत्राचार गरी नगरपालिकामा बोधार्थ दिएको र सोही कार्यालयबाट मिति २०८१।११।२१ गते नगरपालिकालाई विवरण उपलब्ध गराई दिने व्यहोराको पत्राचार गरेको र मिति २०८१।१२।०५ गते बुद्धभूमि नगरपालिकाबाट वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित जिपिएस प्वाईन्टको रेन्जभित्र पर्ने अगिया खोलाको जग्गा र सो जग्गाको दायाँबायाँ साँध सिमानामा रहेका वन क्षेत्र पर्ने नपर्ने भनी एकिन गरी विवरण पठाउन नापी कार्यालयलाई पत्राचार गरी विवरण माग गरी नदीजन्य पदार्थ उत्खनन निकासी कार्यमा रोक लगाएकोले अगिया खोलामा नदीजन्य पदार्थ उत्खनन सुरूवात हुन नसकेको हुँदा डिभिजन वन कार्यालय, गौतमबुद्ध र नगरपालिका कार्यालय बीच विभिन्न मितिमा वन क्षेत्र नपर्ने क्षेत्रमा नदीजन्य पदार्थ उत्खनन गर्ने गरी छलफल र सहमति भएकोले सोही अनुसार IEE प्रतिवेदन तयार भई पेश भएकोमा संशोधित IEE प्रतिवेदन स्वीकृत गर्ने र साथै सम्झौता भएको लामो समय सम्म उत्खनन कार्य सुरूवात हुन नसकेको, जेठ मसान्त सम्मको अवधि पनि नजिक आई सकेकोले संशोधित IEE प्रतिवेदन बमोजिमको परिमाण प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको अधिनमा रही मेसिन प्रयोग कार्ययोजना तयार गरी अवधि तोकि उत्खनन गर्नको लागि आवश्यक निर्णयार्थ जिल्ला अनुगमन तथा समन्वय समिति तौलिहवा कपिलवस्तुमा पठाउने साथै नापजाँचबाट परिमाण पुगेको खण्डमा सम्झौता अवधि स्वतःसमाप्त हुने व्यवस्था मिलाउने निर्णय गरियो। अन्य खोलामा सम्झौता कार्यान्वयनको चरणमा रहेको जानकारी प्राप्त भयो।

**ख)** बुद्धभूमि नगरपालिका वडा नं. १ स्थित गुडरूङ खोलाबाट नदीजन्य पदार्थ उत्खनन तथा विक्री गर्ने प्रयोजनार्थ बुद्धभूमि नगरपालिका र स्वाभिमान कन्ट्रक्सन प्रा.लि. बीच मिति २०८१।१०।३० मा सम्झौता भई सम्झौतामा उल्लेखित १८६३० घनमिटर मध्ये हाल सम्म ५९११।६१ परिमाण उत्खनन भई नापचाँज समेत भई सकेको र बाँकी परिमाण उत्खनन गर्नको लागि जनशक्तिको अभाव र मानवीय श्रमबाट उत्खनन गर्न सम्भव नभएको भनी मेसिन प्रयोग गरी उत्खनन गर्नको लागि स्वाभिमान कन्ट्रक्सन प्रा.लि. बाट अनुमति माग भएकोमा प्राविधिक शाखाबाट प्राप्त राय बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको अधिनमा रही मेसिन प्रयोग कार्ययोजना तयार गरी अवधि तोकी उत्खनन गर्नको लागि आवश्यक निर्णायार्थ जिल्ला अनुगमन तथा समन्वय समिति, तौलिहवा कपिलवस्तुमा पठाउने साथै नापजाँचबाट परिमाण पुगेको खण्डमा सम्झौता अवधि स्वतःसमाप्त हुने व्यवस्था मिलाउने निर्णय गरियो।

**ग)** नदीजन्य पदार्थको उत्खनन संकलन तथा बिक्री व्यवस्थापनको नियमित निगरानी निरीक्षण गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

**तपसिलः**

**नगरस्तरीय अनुगमन समिति**

| | | |
|---|---|---|
| १. | नगर प्रमुख | संयोजक |
| २. | नगर उपप्रमुख | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. | सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ५. | प्रशासन शाखा प्रमुख | सदस्य |
| ६. | योजना शाखा प्रमुख | सदस्य |
| ७. | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ८. | ईलाका प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि | सदस्य |

वासुदेव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

९. सशस्त्र प्रहरी बल चौरीको प्रमुख वा प्रतिनिधि — सदस्य

१०. नगरको सडक, सिचाई तथा अन्य पूर्वाधार हेर्ने ईन्जिनियर — सदस्य

११. नगरको सब ईन्जिनियर (सम्बन्धित वडा हेर्ने) — सदस्य

१२. नगर प्रहरी ईन्चाई — सदस्य

१३. राजश्व शाखा प्रमुख वा प्रतिनिधि — सदस्य-सचिव

**वडास्तरीय सहजीकरण तथा अनुगमन समिति**

१. सम्बन्धित वडाको वडा अध्यक्ष — संयोजक

२. सम्बन्धित वडाको सबै वडा सदस्यहरू — सदस्य

३. सम्बन्धित वडाको वडा सचिव — सदस्य-सचिव

६. **कानून सिफारिस समिति सम्बन्धमा ।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाले हाल सम्म निर्माण गरेका कानूनहरूको प्रभावकारी कार्यान्वयन र अद्यावधिक व्यवस्थापन साथै नगरको परिवर्तित आवश्यकताहरूलाई सम्बोधन गर्न देखिएका समस्याहरूको पहिचान र समाधानका उपाय अवलम्बन गरी नगरको विकास र व्यवस्थापनका लागि हाल सम्मका कानूनहरूको अद्यावधिक साथै आवश्यक नयाँ कानूनहरूको मस्यौदा तयार गरी सिफारिस गर्न तपसिल अनुसारको कानून सिफारिस समिति गठन गर्ने एवं उक्त समितिको कार्य क्षेत्रगत शर्तहरू सहितको अवधारणापत्र स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिलः**

क) नगर उपप्रमुख — संयोजक

ख) विधेयक समिति संयोजक — सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ) प्रशासन शाखा प्रमुख — सदस्य

ङ) नगरपालिकाको कानूनी सल्लाहकार — सदस्य(विज्ञ सदस्य)

च) योजना शाखा प्रमुख — सदस्य

छ) न्यायिक समिति सचिव — सदस्य-सचिव

७. **विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण कार्यविधि, २०८० संशोधन सम्बन्धमा ।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण कार्यविधि, २०८०को परिच्छेद-५ विविधमा दफा १६ सम्म रहेकोमा " नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत विषयगत शिक्षकको सरूवा साथै कक्षा थपघटको अनुमतिको लागि नगर शिक्षा समितिले नगर कार्यपालिकालाई सिफारिस गर्न सक्नेछ । "भन्ने व्यहोरा थप गरी संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

८. **आगामी आ.व. २०८२।०८३ को योजना कार्यक्रम सम्बन्धमा ।**

**निर्णयः** आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि टोल वस्तीहरुबाट योजना तथा कार्यक्रम संकलन गरी सबै प्रक्रिया पुरयाई वडा कार्य समितिको निर्णय सहित विभिन्न शिर्षक मातहतका कार्यक्रमहरू वडा स्तरीय /नगरस्तरीय योजना एकीन गरी पेश गर्ने साथै आगामी आ.व. २०८२।०८३ मा बजेट वृद्धि हुने सम्भावना न्यून भएको

वासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

बुझिएबाट अधुरा योजना/कार्यक्रमहरूलाई प्राथमिकतामा राखी छिटो प्रतिफल दिने, रोजगारी सृजना हुने, बढी जनसंख्या लाभान्वित हुने जस्ता कार्यक्रम चालु आर्थिक वर्षको बजेट सिलिङको परिधिमा रही योजना तथा कार्यक्रमहरू तयार गरी २०८२ बैशाख मसान्त सम्म सबै वडाहरूबाट बजेट तथा कार्यक्रम तर्जुमा समितिहरूमा पेश गर्न वडा कार्यालयहरूलाई निर्देशन सहित जानकारी गराउने निर्णय गरियो । साथै आगामी आर्थिक वर्ष २०८२/८३ को लागि सम्बन्धित सरोकारवालाहरु, वडा कार्यालयहरु तथा नगरपालिकाका शाखाहरु समेतको सुझावहरुलाई समेटी नीति तथा कार्यक्रम तयार गरी कार्यपालिकामा पेश गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा विषयगत समितिका संयोजकहरु, सदस्यहरु तथा प्रशासन शाखा प्रमुख सदस्य सचिव रहने गरी नीति तथा कार्यक्रम तयार समिति गठन गर्ने निर्णय गरियो ।

९. **वडा नं. ६ को ब्लक कायम सम्बन्धमा ।**

**निर्णयः** राष्ट्रिय भूमि आयोग र बुद्धभूमि नगरपालिकाको समन्वयमा हुने यस नगरपालिकाका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको जग्गा नापनक्सा गर्ने कार्यको लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लागत संकलन कार्यविधि, २०८१ को दफा १३(१) बमोजिम जग्गाको चारकिल्ला विवरण तयार गरी सिफारिस गर्नु पर्ने व्यवस्था भए बमोजिम यस नगरपालिकाको वडा नं. ६ को कुल २९ ब्लकहरू नगर स्तरीय सहजीकरण समितिबाट समेत सिफारिस भई आएको हुँदा सोही बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउनको लागि राष्ट्रिय भूमि आयोग जिल्ला समिति कपिलवस्तुमा पत्राचार गर्ने निर्णय गरियो ।

१०. **आगलागी सम्बन्धमा ।**

**निर्णयः** बुद्धभूमि नगरपालिका ७ नं. वडा कार्यालयको च.नं. ६३८, ६४३, ६४४, ६४५, ६४६, ६४७, ६४८, ६४९, ६५०, र ६५१ पत्रानुसार तथा इलाका प्रहरी कार्यालय गोरूसिंगेका च.नं. १९६ मिति २०८१।१२।०७ गतेको जानकारी सहितको मुचुल्का अनुसार वडा नं. ७ नागहडिहवा गाउँमा मिति २०८१।१२।०४ गते अचानक आगलागी हुँदा सोही स्थान बस्ने उर्मिला यादव, राम बेलाश कुर्मी, राजाराम यादव, सजन बहाल कुर्मी, पशुपति कुर्मी, सुर्यनाथ कुर्मी, भदै अहिर, बिन्दाराम यादव, कमल कुर्मीको घर गोठमा रहेका सम्पूर्ण सामानहरु जलेर नष्ट भएको भनी आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट सबैलाई रू. १०,०००।- (अक्षरुपि दश हजार रुपैयाँ मात्र ।) का दरले आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

११. **प्रदेश समपुरक/विशेष अनुदानको लागि आयोजना तथा कार्यक्रम माग गर्ने सम्बन्धमा ।**

**निर्णयः** लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ६६५ मिति २०८१।१२।२९ गते आ.व. २०८२।०८३ का लागि प्रदेश समपुरक अनुदान आयोजनाको प्रस्ताव पेश गर्ने सम्बन्धि पत्रानुसार मिति २०८२ बैशाख १५ गते भित्र समपुरक/विशेष अनुदानका योजना/कार्यक्रम माग गरी सक्नुपर्ने भएकोमा आवश्यक कागजात सहित तपसिलका योजना तथा कार्यक्रम माग गर्ने निर्णय गरियो ।

क) **प्रदेश समपुरक तर्फको योजना मागः-**

| क्र. स. | योजनाको नाम | लागत साझेदारी | | कुल जम्मा |
|---|---|---|---|---|
| | | न.पा. को रकम | प्रदेशको रकम | |
| १ | भेलाई-पुरेना-गोरूसिंगे-बकडिया सडक निर्माण | १ करोड ५० लाख | १ करोड ५० लाख | ३ करोड |
| २ | प्रेमनगर-चेत्रादेही सडक निर्माण | १ करोड ५० लाख | १ करोड ५० लाख | ३ करोड |

वासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

ख) प्रदेश विशेष अनुदान तर्फको योजना मागः- रकम

१. सुरक्षित मातृत्व तथा पोषण कार्यक्रम ४० लाख

२. नगर शैक्षिक सुधार कार्यक्रम ४० लाख

बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको कार्यालय हनुमान चोक बुढी, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

१२. विविध।

क) **अख्तियारी सम्बन्धमा।**

निर्णयः निवेदक जित बहादुर क्षेत्री समेत विपक्षी बुद्धभूमि नगरपालिका समेत भएको सम्वत २०८१-WO-००१९ को निषेधाज्ञा मुद्दा सम्मानीत कपिलवस्तु जिल्ला अदालतमा दायर भई यस नगरपालिका कार्यालयमा मिति २०८१।१२।१७ गते म्याद तामेल भएको हुँदा नगरपालिका र वडा नं. १० को तर्फदेखि लिखित जवाफ दर्ता गरी तारेखमा रूजु रहन तथा बहस पैरवी समेत गर्ने गरी यस नगरपालिकाको कानूनी सल्लाहकार अधिवक्ता श्री कृष्ण बन्जाडे प्र.प.स.७९७४ लाई अख्तियारनामा प्रदान गर्ने निर्णय गरियो।

ख) **संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने सम्बन्धमा।**

निर्णयः लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन तथा नियमावली २०८१, स्वीकृत भई प्रदेश राजपत्रमा प्रकाशन भई सकेकोमा स्थानीय सेवाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने व्यवस्था बमोजिम बुद्धभूमि नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। साथै बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यहरूमा लाग्ने खर्च पन्ध्रौं नगर सभाको चालु तर्फको सि.नं. ३८ मा रहेको कार्यक्रम खर्च शिर्षकबाट रकम भुक्तानी गर्ने निर्णय गरियो।

ग) **आर्थिक सहयोग सम्बन्धमा।**

निर्णयः बुद्धभूमि नगरपालिका ५ नं. वडा कार्यालयको च.नं. ८५२ मिति २०८१।१२।१७ गतेको पत्रानुसार वडा नं. ५ पक्रेहटा निवासी भानु प्रसाद यादवको गोठमा मिति २०८१।०४।१२ गतेको दिन आगलागि भई सम्पूर्ण सामानहरु जलेर नष्ट भएको भनी प्रहरी मुचल्का सहित आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट रु.५,०००।- (अक्षरुपि पाँच हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

घ) **योजनाको म्याद थप सम्बन्धमा।**

निर्णय : बुद्धभूमि नगरपालिकाको ठेक्का नं. ३५ वडा नं. २ मा रहेको बडहरा घोराई नालामा कल्भर्ट निर्माणको कार्य हुँदै गर्दा घोराई नालामा पानी सुख्खा गर्न नसिकएको र बुद्धभूमि नगरपालिकाको वडा नं. ३ मा रहेको रनगाई गाउँको दक्षिण टोल जाने सडक, टाँकु ट्रान्सफरमर देखि असराम थारूको घर हुँदै झोलुङ्गे पुल सडक र दुविया ताल टोल जाने अधुरो सडक योजनाहरू स्थानीय विवाद तथा ६ मिटर जग्गा नदिएको विविध कारणले निर्माण कार्य विलम्ब हुन गएको भनी प्राविधिक शाखाबाट म्याद थप गर्न सकिने सहितको प्रतिवेदन पेश भएकोले उक्त योजनाहरूको मिति २०८२।०१।३० गते सम्म म्याद थप गर्ने निर्णय गरियो।

ङ) **वडा नं. ४ को कार्यालयको पत्र सम्बन्धमा।**

निर्णय : बुद्धभूमि नगरपालिका वडा नं. ४ को च.नं. १२२३ मिति २०८१।१२।२९ गतेको पत्रानुसार बुद्ध रंगशाला खेलमैदान मर्मत सम्भार गर्नु पर्ने भएकोले उक्त रंगशालामा माटो पटान गर्न यसै नगरपालिकाको स्वामित्वमा रहेको देउरी तालबाट १५० टाली माटो उत्खनन कार्यको लागि सिफारिस सहित स्वीकृत माग गरेकोमा उक्त तालबाट

वासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

उत्खनन गरी निकाल्ने माटोको नियमानुसारको राजश्व संकलन गरी उत्खनन गर्न स्वीकृति दिने उक्त व्यवस्था मिलाउन राजश्व शाखालाई जिम्मा दिने निर्णय गरियो ।

बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको कार्यालय हनुमान चोक बुद्धी, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

**च) ३ नं. वडा कार्यालयको पत्र सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिका वडा नं. ३ को च.नं. ९८३ मिति २०८१।१२।३१ गतेको पत्रानुसार वडा नं. ३ अन्तर्गत पर्ने बोक्तापुर गाँउदेखि पश्चिममा रहेको खेतीयोग्य जमिन तथा वस्ती नै कटान गरेको हुँदा आवश्यक पहल गरिदिनुहुन भनी सिफारिस साथ अनुरोध भई आएको झिंगवा खोलाको IEE प्रतिवेदन समेत तयार रहेकोले सोही प्रतिवेदनमा उल्लेखित जिपिएस प्वाइन्टहरूमा उल्लेखित नदीजन्य पदार्थबाट विपद् हुन नदिने गरी व्यवस्था मिलाउन स्थानीय विपद् समितिको बैठक बसी आवश्यक निर्णयार्थ जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने निर्णय गरियो ।

**छ) दमकल व्यवस्थापन सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिकाको वारूण यन्त्र खरिद सम्झौता भई नगरपालिकामा प्राप्त हुने क्रममा रहेकोले वारूण यन्त्र नगरपालिकामा आए पश्चात वारूण यन्त्र सञ्चालनको लागि यसै नगरपालिकाको वडा नं. २ मा रहेको श्री शम्शेर दल गण गोरूसिङ्गेसँग समन्वय र सहकार्य गरी शम्शेर दल गणलाई दमकल सञ्चालनको जिम्मेवारी दिने साथै वारूण यन्त्र सञ्चालन बापत लाग्ने सम्पूर्ण खर्च बुद्धभूमि नगरपालिकाको कार्यालयले व्यवस्थापन गर्ने निर्णय गरियो ।

**ज) जिल्ला अन्तरपालिका स्तरीय पुरूष तथा महिला भलिबल प्रतियोगिता-२०८१ सम्बन्धमा ।**

निर्णयः जिल्ला भलिवल संघ कपिलवस्तुको प.सं. ०८१/८२ च.नं. १३ मिति २०८१।१२।१७ को पत्र अनुसार मिति २०८१।१२।२७ देखि मिति २०८१।१२।३० सम्म संचालन हुने प्रथम प्राचिन कपिलवस्तु कप कपिलवस्तु जिल्ला अन्तर्पालिका स्तरीय पुरुष तथा महिला भलिवल प्रतियोगिता-२०८१ मा यस नगरपालिकाबाट सहभागि खेलाडीको कार्यक्रममा सहभागिताको लागि हुने खर्च सम्बन्धमा बजेट व्यवस्थापनको लागि नगर शिक्षा समितिको निर्णय सहित सिफारिस भएकोले नगर योजना पुस्तिकाको पेज नं. ३८ मा रहेको खेलकुद शिर्षक अन्तर्गत क्र.सं. ८ मा रहेको जिल्ला स्तरीय राष्ट्रपति रनिङ्शिल्ड शिर्षकमा विनियोजन भएको रू. २,००,०००।– मध्येबाट रू. ७५,०००।– (पचहत्तर हजार मात्र) व्यवस्था गर्ने निर्णय गरियो ।

**झ) बुद्धभूमि नगरपालिका र नेशनल प्याथल्याब, बुटवलबीच प्रयोगशाला सम्बन्धी सम्झौता सम्बन्धमा ।**

निर्णयः बुद्धभूमि नगरपालिका र नेशनल प्याथल्याब, बुटवलबीच सम्पूर्ण प्रयोगशालामा गरिने परीक्षण सेवामा ५० प्रतिशत छुट दिने सम्बन्धी द्विपक्षीय सम्झौता गर्न नगर कार्यपालिकाको कार्यालयलाई स्वीकृत दिने । नगरपालिकाले Collection Vial, Syringe, Gloves को व्यवस्थापन गर्दा लाग्ने खर्च स्वास्थ्य शाखा अन्तर्गत विनियोजन भएको मिल्दो शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**ञ) शोक प्रस्ताव सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिका वडा नं. २, निवासी पूर्व कार्यपालिका सदस्य श्री रामदेव पासीको मिति २०८१।१२।१९ गते ६१ वर्षको उमेरमा भएको असामयिक निधनले यस बुद्धभूमि नगरपालिका परिवार मर्माहत भएको छ । शोकको घडीमा परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै १ मिनेट मौन धारणा गरियो ।

वासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

८२।०१।०३
केशव कुमार श्रेष्ठ
नगर प्रमुख